# आर्थिक वर्ष २०७५/०७६ का लागि उपप्रमुख द्धारा प्रस्तुत वजेट वक्तब्य

सभाध्यक्ष महोदय,
एवं नगर सभा सदस्यहरु,

संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएपछि संविधान र वित्तिय संघीयताको कार्यान्वयनकै क्रममा कुश्मा नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को वजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त सुखद अनुभुति गरेकी छु ।

आमुल राजनैतिक परिवर्तन मार्फत मुलुकको समग्र रुपान्तरणको लागि भएका सम्पुर्ण आन्दोलनहरुको स्मरण गर्दै आफ्नो ज्यानको आहुति दिनुहुने सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै आन्दोलनका सम्पूर्ण घाइते, वेपत्ता, योद्धा एवं पिडित परिवार र ब्यक्तिहरु प्रति सम्मान ब्यक्त गर्दछु ।

संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त, संघीय आर्थिक नीति, प्रदेश सरकारका नीति, दिगो विकासका लक्ष्य तथा नगरवासीको माग, विषय क्षेत्रगत विज्ञ तथा सरोकारवाला संस्था र ब्यक्तिहरुको सुझाव र उपलब्ध सिमित साधन स्रोतको आधारमा यो वजेट तयार गरेकी छु ।

जनआकांक्षा सम्वोधन गर्ने क्रममा सिमित वजेटवाट असिमित मागहरु सम्वोधन गर्नु निश्चय नै सहज छैन । तापनि भरसक ठुला, दिगो विकासमा टेवा पुग्ने र नगरवासीको जिवनस्तरलाई माथी उठाउने प्रकृतिका योजनाहरुलाई प्राथमिकतामा राखी वजेट विनियोजन गर्ने प्रयास गरेकी छु ।

आर्थिक वृद्धि, सामाजिक न्याय, शुसासनको प्रत्याभुति, विकासमा दिगोपना लगायतका क्षेत्रमा रहेका थुप्रै चुनौतीहरुलाई सम्वोधन गर्ने क्रममा प्राप्त मागहरुलाई संघीय सरकार र प्रदेश सरकारका कार्यक्रमहरु सँग समन्वय र साझेदारीमा समेत अगाडी वढाइनेछ ।

प्रस्तुत वजेट समृद्ध नगर निर्माणको लक्ष्य तथा सिमित साधनको अत्युत्तम परिचालन मार्फत नगरको समग्र विकास गर्ने उद्देश्यका साथ तर्जुमा गरेकी छु ।

वजेटमा नगरले आँफै निर्णय गरि विनियोजन गर्ने रकमको सन्दर्भमा साविककै तपशिल वमोजिमका क्षेत्रहरुलाई प्राथमिकतामा राखेकी छु ।

- पुर्वाधार विकास
- आर्थिक विकास
- सामाजिक विकास
- संस्थागत विकास, सेवा प्रवाह
- वित्तिय ब्यवस्थापन र सुशासन

अध्यक्ष महोदय,

चालु आर्थिक बर्ष २०७४/०७५ मा कुल आय ६१ करोड ३५ लाख ९१ हजार प्रस्ताव गरिएकोमा ६३ करोड ६३ लाख १० हजारको संसोधित आय अनुमान गरी प्राथमिकताका कार्यक्रमहरुमा खर्च हुने ब्यवस्था मिलाएकी छु ।

जस अन्तर्गत चालु अनुदान तर्फ ६ करोड ४३ लाख ३३ हजार, विषयगत कार्यालयहरुका कार्यक्रम सञ्चालनका लागि २ करोड ५५ लाख, वडागत योजना तथा कार्यक्रम तर्फ ५ करोड ४३ लाख ६७ हजार, ठुला भौतिक पुर्वाधार तर्फका योजनाका लागि ४ करोड २५ लाख र अन्य पुंजीगत खर्च तर्फ ८ करोड ७१ लाख ७२ हजारको संसोधित खर्च प्रस्ताव गरेकी छु ।

आगामी आ.व. २०७५/०७६ मा नेपाल सरकार वित्तीय समानीकरण अनुदान १२ करोड १४ लाख, प्रदेश सरकार वित्तीय समानीकरण अनुदान १ करोड २२ लाख १ हजार, नेपाल सरकारवाट प्राप्त राजश्व बाँडफाँड वापत ७ करोड, प्रदेश सरकारवाट प्राप्त सवारीकर वापतको ७० लाख २३ हजार २ सय २६, संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम तर्फ ३४ करोड २ लाख, आन्तरिक श्रोत २ करोड र सामाजिक सुरक्षा भत्ता वितरणका लागि रु. १० करोड ५० लाख गरि कुल जम्मा ६७ करोड ५८ लाख २४ हजार २ सय २६ आय अनुमान गरिएको छ ।

ब्यय तर्फ संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम तर्फ ३४ करोड २ लाख, सामाजिक सुरक्षा भत्ता वितरणका लागि रु.१० करोड ५० लाख तोकिए वमोजिम नै खर्च हुने ब्यवस्था मिलाइएको छ भने वाँकी रकम रु.२३ करोड ६ लाख २४ हजार २ सय २६ मध्ये चालु खर्च तर्फ ८ करोड ५० लाख विनियोजन गरेकी छु । नगरका पदाधिकारीहरुको पारिश्रमिक वापत १ करोड १० लाख र वडा कार्यालयहरुको सञ्चालन खर्च १ करोड ४७ लाख समेत यही चालु खर्चमा समावेश गरेकी छु । वाँकी रहेको १४ करोड ५६ लाख २४ हजार २ सय २६ मध्ये पुर्वाधार विकास तर्फ ८ करोड ४० लाख, सामाजिक विकास तर्फ १ करोड ३० लाख, आर्थिक विकास तर्फ १ करोड ३० लाख, वन वातावरण तथा भुसंरक्षण तर्फ ६० लाख र सार्वजनिक सेवा प्रवाह र सुशासन तर्फ १ करोड ८४ लाख २४ हजार २ सय २६ विनियोजन गरेकी छु ।

त्यस्तै पत्रकारिता क्षेत्रको प्रवर्द्धनका लागि सुचना प्रकाशन तथा पत्रकारिता शिर्षकमा १२ लाख विनियोजन गरेकी छु । म्याचिंग फण्ड आवश्यक पर्ने आयोजनाहरुको सञ्चालन का लागि १ करोड व्यवस्था गरेकी छु ।

लैंगिक समानता, सामाजिक न्याय, सशक्तिकरण, समावेशीकरण र मुल प्रवाहिकरणमा जोड दिंदै नगरमा पछाडी रहेका महिला, दलित, आदिवासी/जनजाती, अल्पसंख्यक तथा सामाजिक न्याय र सुरक्षाको दृष्टीले महत्व दिनुपर्ने जेष्ठनागरिक, वालवालिका तथा फरक क्षमताका नागरिकहरुलाई प्राथमिकतामा राखि क्षेत्रगत कार्यक्रमहरुमा समेटेर कार्यक्रमहरु सञ्चालन गर्ने ब्यवस्था मिलाएकी छु ।

अन्त्यमा,

वजेट तथा कार्यक्रम निर्माणको क्रममा आफ्नो अमुल्य सुझावहरु दिई सहयोग गर्नुहुने नगर-प्रमुख ज्यू लगायत नगरका सम्पुर्ण पदाधिकारीहरु, विभिन्न कार्यालयका कार्यालय प्रमुख ज्यूहरु, विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधी ज्यूहरु, पर्वत उद्योग वाणिज्य संघ लगायतका संघ संस्थाहरु, नागरिक समाज लगायत प्रत्यक्ष परोक्ष रुपमा सहयोग गर्नुहुने सम्पुर्ण महानुभावहरु साथै कुश्मा नगरपालिकाका सम्पुर्ण कर्मचारीहरुमा आभार ब्यक्त गर्दछु ।

धन्यवाद ।